# भाग ५

नेपाल सरकार

सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना १

नेपाल सरकार (मन्त्रिपरिषद) ले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मिति २०७०।७।१४ मा बचत तथा ऋणको कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाको छानविन गर्न देहाय बमोजिमको जाँचबुझ आयोग, २०७० (यस पछि "आयोग" भनिएको) गठन गरी उक्त आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यावधि तोकेको हुँदा सोही ऐनको दफा ३ को उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. **आयोगको गठनः आयोगको गठन देहाय बमोजिम हुनेछः**-

| | | |
|---|---|---|
| क) | विशेष अदालतका पूर्व अध्यक्ष<br>श्री गौरी बहादुरकार्की | -अध्यक्ष |
| ख) | श्री सुशीलराम माथेमा | -सदस्य |
| ग) | श्री सीताराम उप्रेती | -सदस्य |

२. **आयोगको काम, कर्तव्य र अधिकार**:- आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक सूचना जारी गरी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाबाट पीडित भएकाहरुको निवेदन लिने,

(ख) समस्याग्रस्त सहकारी संस्थाका बचतकर्ता, त्यस्ता संस्थामार्फत् अग्रिम रुपमा अपार्टमेण्ट बुक गर्ने व्यक्ति, संस्थाका ऋणी व्यक्ति, संस्थाले भुक्तान दिनुपर्ने बैंक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा वित्तीय संस्थाहरुको विवरण र तथ्यांक संकलन गर्ने,

(ग) बचत तथा ऋणको कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाको लेखापरीक्षण प्रतिवेदन लगायत जुनसुकै कागजात झिकाउने, हेर्ने, चल अचल सम्पत्ति रहे भएको स्थान तथा संस्थाको शाखा/कार्यालय रहेका स्थानको स्थलगत भ्रमण गर्ने, कागजात कब्जामा लिने,

(घ) जाँचबुझ आयोगलाई समस्याग्रस्त सहकारी संस्थाका सञ्चालकहरु, सञ्चालकका एकाघरका परिवार, नातेदार, संस्था, संस्थाका कर्मचारी र संस्थासँग सम्बन्धित अन्य कम्पनीका कर्मचारी, मिलेमतोबाट स्थायी सम्पत्ति कारोबार गरिरहेका व्यक्ति वा संस्था लगायत आयोगले उपयुक्त ठानेका व्यक्ति/कर्मचारी समेतलाई आयोगमा उपस्थित गराउन आदेश दिने, सुरक्षा निकायको सहयोगमा निजहरु रहे बसेको घर, डेरा वा अन्य कुनै स्थानमा खानतलासी गर्ने, नियन्त्रणमा लिने, बयान लिने, आवश्यक कागजात, प्रमाण पेश गर्न लगाउने लगायतको अदालतलाई भए सरहको अधिकार हुने,

(ङ) समस्याग्रस्त सहकारी संस्था, त्यसका सञ्चालक, पदाधिकारी, कर्मचारी, निजहरुका परिवार, नातागोता र संस्थासित सम्बद्ध तत्कालीन कर्मचारीहरुका नाममा स्वदेश तथा विदेशमा रहेका बैंक तथा वित्तीय संस्थाको खातामा रहेका नगद तथा जिन्सी, शेयर, बैंक तथा वित्तीय संस्थाहरुमा धितोमा राखिएका जग्गा जमिन, भवन अपार्टमेण्ट लगायतका संस्थासँग सम्बन्धित जुनसुकै स्थानमा रहेका चल अचल सम्पत्तिको लगत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

तयार गर्ने, सम्पत्ति र दायित्वको एकिन लेखाजोखा गर्ने, छानविन तथा मूल्याङ्कन गर्ने र बचतकर्ताको बचत फिर्ता तथा भुक्तानी योजना, प्राप्त सम्पत्तिको लिलाम बिक्रीका सम्बन्धमा राय सुझावसहितको सिफारिस गर्ने,

(च) आयोगले छानविन र जाँचबुझको सिलसिलामा कुनै पनि संघसंस्था, बैंक, वित्तीय संस्था वा निकायलाई आवश्यक सहयोगको लागि आदेश दिन सक्ने । आयोगको आदेशको पालना नगरी अटेर गर्ने वा आयोगको कामकारवाहीमा सहयोग नगर्ने वा कामकारवाहीमा अवरोध सिर्जना गर्ने जुनसुकै संघसंस्था, कार्यालय वा निकायका व्यक्ति, पदाधिकारीलाई विभागीय कारवाही वा अन्य आवश्यक कारवाही गर्न आयोगले सम्बन्धित निकायमा सिफारिस गर्ने,

(छ) जाँचबुझ आयोगले आफ्नो कार्यसञ्चालनको क्रममा आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्ने,

(ज) सहकारी क्षेत्रमा देखिएका समस्याहरुको पहिचान गरी सोको निराकरण गर्न विदयमान सहकारी ऐन लगायतका कानूनहरुमा गर्नुपर्ने सुधारको सम्बन्धमा सिफारिस गर्ने,

(झ) जाँचबुझ आयोगले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने ।

**३. आयोगको कार्यावधि**: आयोगको कार्यावधि काम शुरू गरेको मितिले तीन महिनाको हुनेछ ।

**४. आयोगको मुकाम**: आयोगको मुकाम काठमाडौंमा रहनेछ ।

### सूचना २

"बचत तथा ऋणको कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाको छानविन गर्न मिति २०७०।७।१४ मा गठित जाँचबुझ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

आयोग, २०७०" को म्याद मिति २०७०।११।७ देखि समाप्त भएकोमा उक्त आयोगको काम सम्पन्न भई नसकेकाले नेपाल सरकार (मं.प.) को मिति २०७०।११।६ को निर्णयानुसार सो आयोगको म्याद समाप्त भएको मितिले तीन महिना थप गर्ने निर्णय गरिएको छ ।

आज्ञाले

**सुरेश प्रधान**

नेपाल सरकारको निमित्त सचिव

## नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

सम्माननीय प्रधानमन्त्री सुशील कोइरालाले नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम सम्वत् २०७० साल माघ २८ मा गठित मौजुदा मन्त्रिपरिषद्मा देहाय बमोजिम नियुक्ति र हेरफेर गरी कार्य विभाजन गर्नुभएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री सुशील कोइराला | प्रधानमन्त्री | रक्षा, वातावरण, विज्ञान तथा प्रविधि र सहकारी तथा गरिवी निवारण |
| २. | श्री सुनिलबहादुर थापा | मन्त्री | वाणिज्य तथा आपूर्ति |
| ३. | श्री नीलम के.सी. (खड्का) | मन्त्री | महिला, वालवालिका तथा समाज कल्याण |
| ४ | श्री गिरीबहादुर के.सी. | राज्यमन्त्री | वाणिज्य तथा आपूर्ति |

आज्ञाले,

**लीलामणि पौड्याल**

मुख्य सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।